कविता,

# जिन्दगी र म

-सुनिल सोसु

वीर नेपाली हुनुको गर्व बोकेर
जन्मेको 'म'
ऐसेलु, घंगरु, काफल र पिरिम् खाँदै
धुलो सँग लुट्पुटिदै
जीवनको थालनी गर्छु।
घुङ्स्वाका साम्मा र उरुप समात्दै
स्वाबलम्बनका पाठ पढ्न थाल्छु
मौलेटारको वाङ्गोला अनि मेहेलले
साथीहरु सँग हाना-हान गर्दै
संघर्षमा प्रवेश गर्छु।
साम्माङ् सिं मामाको उखु चोरेर
छलकपट सिक्न थाल्छु।
विस्तारै मुखको डिलमा
भुत्लाको रेखी बस्न थाले पछि
मन र रहरको पनि जरा पलाउँदो रहेछ... ।
मन्त्रि, लेक्चर, डा., इन्जिनियर ...... !!
मनले एउटा महानगर बनाउँदै
अरनिको झैं कलाकृतिहरु उतार्न थाल्छन्
रंगि .... बिरंगि ......... !
सेक्सपियरका मोनालिसाले,
मन उचाल्दै, थेचार्दै, अनियन्त्रित बनाउँछ
रै पनि यथार्थ यता,
चिलाउनेको ठुटा सँग जिन्दगी ताछ्दै
छेऊ र भित्तामा जोतारा र हल्लुँड चुकाउँदै
फालि सँग जीवन रगड्दै
पसिना बनाएर जिन्दगी बगाउँछु।
तर, पनि बाँझो रहे झैं
जीवनमा अभाव र रहरहरु
धेरै बाँझो रहन थाले पछि
बाध्यताको पेरेङ्गोमा
जिन्दगीलाई टन्टनी बाँधेर,
केही अमेरिका .... केही हङ्कङ ..... !
केही अष्ट्रेलिया ..... केही कोरिया पठाउनु छ ... !
वास्तवमा कोचेर पठाउँछु उतैतिर
तर,
ठेगाना नमिलेर, केही काठमाण्डौमा
केही धरानमा, केही पोखरामा
अल्मलिएर
गुमनाम बस्तामा कोचिएर
कतै ढुसी परेका छन्।
साला जिन्दगी ......!
पेन्सिल जस्तै दिनरात घोटे पपनि
ह्वाङ् हो झै बेगिलो बगे पनि
मेरो सपनाको महानगरमा
एउटै घर बन्न नसके पछि
मोनालिसाको एउटै मो नपाए पछि
सोच्न बाध्य छु।
लेखेकै भोग्नु पर्ने हो त ?
निधारको मुजा खुम्चाउँदै
सोची रहेछु।
जसरी नी भोग्नै नाथे जिन्दगी !!!
अडिन्छु यही निर्णयमा।

तेह्रथुम
हाल - धरान- १५